# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल
(सूचना प्रविधि शाखा)

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ३९४

मिति: २०७७/०६/२२

श्री सबै वडा कार्यालय,
मिथिला नगरपालिका ढल्केवर ,धनुषा

विषय:सूचना सम्बन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय ,धनुषाबाट covid-19 संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण गर्नको लागि मिति २०७७/०६/२३ गते शुकवार देखि लागू हुने गरि सक्कल नागरिकता प्रमाणपत्र,नागरिकता प्रतिलिपी र राहदानी आदि सेवाहरु(Service flow structure) ढाँचा अनुसार सेवा प्रवाह हुने भएकोले सोही बमोजिम कार्य गर्न गराउन अनुरोध छ । यसै साथ जि.प्र.का. धनुषाको सेवा प्रवाह सम्बन्धी सूचनाको प्रतिलिपी राखिएको छ ।

..............................
केशव कुमार अधिकारी
प्रमुख,प्रशासन ,योजना तथा अनुगमन शाखा
शाखा अधिकृत

"सफा, सुन्दर, समृद्ध, सहर : अपन मिथिला नगर"
वेभ साइट : www.mithilamun.gov.np
सम्पर्क नं.९७७-०४१-५६००४६

# जिल्ला प्रशासन कार्यालय, धनुषाको
# सेवा प्रवाह सम्बन्धी सूचना ।

कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय धनुषाबाट स्थगित गरिएका नियमित सेवाहरु सामाजिक भौतिक दूरी कायम गर्दै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेका मापदण्डहरु अपनाई देहाय बमोजिमको सेवा प्रवाहको ढाँचा (Service Flow Structure) मा अर्को व्यवस्था नभएसम्म मिति २०७७/०६/२३ गते शुक्रबार देखि लागु हुने गरी निम्नानुसार हुने व्यवस्था मिलाईएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

१. सक्कल नागरिकता प्रमाणपत्र, नागरिकता प्रतिलिपी र राहदानी आदि सेवाहरु निम्नानुसार हुने :

| | | | |
|---|---|---|---|
| (क) | आईतबार | : | हँसपुर न.पा./धनुषाधाम न.पा./विदेह न.पा. |
| (ख) | सोमबार | : | नगराईन/सबैला/गणेशमान चारनाथ न.पा. |
| (ग) | मंगलबार | : | जनकपुर उ.म.न.पा./मिथिला विहारी न.पा. |
| (घ) | बुधबार | : | जनकनन्दीनी गा.पा./लक्ष्मीनिया गा.पा./औरही गा.पा. |
| (ङ) | विहिवार | : | जनकपुर उ.म.न.पा./मुखियापट्टी मु.गा.पा. |
| (च) | शुक्रबार | : | कमला न.पा./धनौजी गा.पा./शहिदनगर न.पा. |
| (छ) | शनिवार | : | क्षीरेश्वरनाथ न.पा./बटेश्वर गा.पा./मिथिला न.पा. (यस दिनको कार्यालय समय १०:०० बजे देखि ३:०० बजेसम्म मात्र हुनेछ ।) |

नोट : शनिवार सेवा प्रवाह हुने पालिकाहरुको नागरिकता वितरण सम्बन्धी बाहेकका अन्य सेवा तथा कार्यहरु आईतबार देखि शुक्रबार हुने व्यहोरा जानकारी गराईन्छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

२. **<u>पत्रपत्रिका संघ/संस्था दर्ता र नविकरण सम्बन्धमा निम्नानुसार हुने</u> :**

(क) संघ/संस्था दर्ता र नविकरण : आइतबार देखि बुधबार सम्म मात्र

(ख) पत्रपत्रिका/छापाखाना दर्ता र विधान संशोधन : बिहिबार र शुक्रबार मात्र

- तोकिएको दिन (बार) मिलाएर मात्र सम्बन्धित सेवाग्राही कार्यालयमा प्रवेश गर्नुपर्नेछ ।
- नागरिकता र नाबालक परिचय पत्र बनाउने हकमा सेवाग्राही र सनाखत गर्ने थप १ जना मात्र कार्यालय परिसरमा प्रवेश गर्न सकिनेछ ।
- सेवा लिन आउनु अघि सेवा प्राप्त गर्नको लागि सम्पूर्ण कागज/प्रमाण साथमा लिई आउनु पर्नेछ । कागज/प्रमाण नपुगेमा सेवा दिन सकिने छैन ।
- सेवा लिन आउने सेवाग्राहीहरुले अनिवार्य रुपमा स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गर्नु पर्नेछ ।
- रुघा खोकी, ज्वरो जस्ता लक्षण देखिएका सेवाग्राहीलाई कार्यालयमा प्रवेश दिईने छैन ।
- कार्याल्यको भीडभाड र कोभिड १९ संक्रमणको अवस्था अनुसार उल्लेखित तालिकामा आवश्यकता अनुसार थपघट र परिमार्जन गर्दै लगिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

०७७।३।०२

सहायक प्रमुख जिल्ला अधिकारी